# शहिद लखन गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम-२०८१

# प्रतिवेदन

सहजीकरण

**सहमत मिडिया प्रालि**

शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ, गोरखा

२०८१ असार २७ गते

# विषय सूची

१. विषय प्रवेश ..........................................................................................
२. सार्वजनिक सुनुवाइको उद्देश्य ..........................................................................
३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी ...............................................................
४. सार्वजनिक सुनुवाइ कार्यक्रम ............................................................................
५. सार्वजनिक सुनुवाईका सहभागीहरु.................... ......................................................
६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ ..................................................
७. निष्कर्ष ........................................................................................................
८. अनुसूचिहरु ....................................................................................................
अनुसूची १ : सार्वजनिक सुनुवाइ कार्यक्रमको सूचना..................................................
अनुसूची २ : सार्वजनिक सुनुवाइ कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता......................
अनुसूची ३ : नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत......................................................
अनुसूची ४ : सार्वजनिक सुनुवाइ कार्यक्रमको कार्यक्रम तालिका....................................
अनुसूची ५ : पालिकाको सेवा प्रवाह र विकास निर्माण...................................................
अनुसूची ६ : सार्वजनिक सुनुवाइ कार्यक्रमका केही तस्वीरहरु.......................................
अनुसूची ७ : कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ.........................................
अनुसूची ८ : कार्यक्रमको सञ्चार माध्यममा प्रकाशित समाचारहरु...............................
अनुसूची ९ : कार्यक्रमको उपस्थिति...................................................................

## १. पृष्ठभुमी

सरकार जनताका सबै अपेक्षाहरु पूरा गर्ने महत्वपूर्ण अंग हो । सार्वजनिक सेवा प्रवाहको अवधारणाले जनताका सबै आवश्यकतालाई प्रभावकारी सेवा प्रवाहका संयन्त्रद्धारा पूरा गरिनु पर्दछ । सेवा प्रवाहको संरचनाले सेवा र उपभोक्ता बीचको दुरी कम गराउनु पर्दछ अर्थात सेवामा जनता वा उपभोक्ताको सहज पहुंच हुनु पर्दछ । सेवा प्राप्तिका प्रक्रिया र नियमहरु पारदर्शी हुनु पर्दछ । सेवा प्रवाहको निर्धारित संरचनाले सेवा प्रवाहमा जनतावाट प्राप्त सन्तुष्टि वा सेवा प्रवाहमा भित्रिएका उदीयमान अवधारणाहरुको सन्दर्भमा सेवा प्रवाह सुधार योजना कार्यान्वयन हुनु आवश्यक छ । सेवा प्रवाहको संयन्त्र जहिले पनि सेवाग्राही मैत्री हुनु आवश्यक हुन्छ ।

नयाँ संविधान २०७२ सालमा जारी भएपछि राज्य पुनः संरचना मार्फत तीन तहको सरकार सञ्चालनमा छन् । तर जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार हो । स्थानीय सरकारका प्रतिफल जनताले प्रत्यक्ष अनुभूत गरेका हुन्छन् । धेरै संवैधानिक अधिकार र जिम्मेवारी पाएका यी सरकारहरूले सक्रिय, इमानदार, पारदर्शी, सक्षम र जवाफदेही भई कार्यसम्पादन गर्नु आवश्यक छ । स्थानीय सरकारले सहभागितामूलक लोकतन्त्र अवलम्बन गरी नियन्त्रण र सन्तुलनका आधारमा लोकतन्त्र सुदृढ गर्नेतर्फ ध्यान दिनु जरुरी छ । कानुनद्वारा शासन होइन, कानुनको शासन गर्नु सबैभन्दा महत्वपूर्ण हो । पारदर्शिता र जवाफदेहीता सुशासनका सर्वाधिक महत्वपूर्ण पाटा हुन् ।

प्राप्त स्रोतलाई विधिसम्मत, पारदर्शी, प्रतिफलदायी र दिगो विकास व्यवस्थापनमा खर्च गर्न सक्नुपर्छ । स्थानीय तहमा नियन्त्रण र जवाफदेही कमजोर भएमा सुशासनको जग नै खलबलिन्छ । तसर्थ स्थानीय सरकारहरूले सुशासनका अवयवहरूलाई संस्थागत गरी परिपालना गर्दै समयसापेक्ष शासकीय पद्धति सुधार गर्दै जानुपर्छ । राज्यको संरचना, राज्यशक्तिको बाँडफाँट अब जनतामा विकेन्द्रित भएको छ । कानुनको शासन, चुस्त दुरुस्त प्रशासन, आर्थिक अनुशासन, उत्तरदायी र जिम्मेवारपूर्ण कर्मचारी, कर्तब्योन्मुख उपभोक्ता देश विकासको मुख्य आधार मान्न सकिन्छ । तथापी सरकारहरु जनताप्रति उत्तरदायी हुन नसकेका गुनासा अझै घटेको छैन । प्राथमिकताले नभई पहुँचले अवसर पाउने अवस्था कायम छ ।

यसर्थ, सरकारले गरेका विकास निर्माण र सेवा प्रवाहका विषयमा नागरिकको सन्तुष्टी मापन गर्नु र जनअपेक्षा अनुसार आफुलाई परिमार्जित गर्नु सरकारहरुको दायित्व हो । पारदर्शिता, जवाफदेहीता, जनसहभागिता र विधिको शासन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने प्रचलन रहेको छ । जनताको आवाज र जनगुनासोहरुको प्रत्यक्ष सम्बोधन गर्ने उद्देश्यले यो कार्यक्रम गरिन्छ । जनता प्रतिको जवाफदेहीता, उत्तरदायित्व र विकास सँग सम्बन्धित रहनेगरी कार्यक्रमको परिकल्पना गरिएको हो । यसबाट आफ्ना कामबारे जनताले जाँच्छन् । संविधान जारी भएपछि जनप्रतिनिधिहरुको दोस्रो कार्यकाल तेस्रो वर्षमा चलिरहेको छ । तीनवटै सरकारले आफ्नो क्षेत्राधिकार भित्र रहेर काम गरिरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ (५) ले गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाह पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई लगायत कार्यक्रम सञ्चालन गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले पनि सार्वजनिक सुनुवाई चौमासिक रुपमा गर्न निर्देशित गरेको छ । यस्तै, गण्डकी सरकारको सुशासन ऐन २०७६ र सामाजिक उत्तरदायित्व प्रबर्द्धन निर्देशिका २०७७ अनुसार सार्वजनिक सुनुवाईलाइ अनिवार्य गरिएको छ । अहिले आएर अधिकांश स्थानीय सरकारले सार्वजनिक सुनुवाइलाई प्रभावकारी रुपमै सञ्चालन गर्न थालेका छन् । फलस्वरुपः गोरखाको शहिद लखन गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम चौमासिक सार्वजनिक सुनुवाइ २०८१ असार २७ गते वडा नम्बर ४ को सिंजाली माविमा सम्पन्न भएको छ ।

## २. सार्वजनिक सुनुवाइका उद्देश्य

- गाउँपालिका/नगरपालिकाको सेवा प्रवाहमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व कायम गरिने ।
- सञ्चालित कार्यक्रम तथा योजनाबारे समिक्षा गरी मुल्यांकन, सुझाव र पृष्ठपोषण प्रदान गरिने ।
- सरकार र नागरिकहरुका बीचमा दोहोरो सम्वाद स्थापित गरिने ।
- जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण पदाधिकारीको जवाफदेहीता र पारदर्शीता प्रबर्द्धन गरिने ।
- विकास निर्माण प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई सेवा प्रवाहलाई गुणस्तरीय बनाइने ।
- पालिकाका कामबारे सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याइने ।
- समग्र शाखागत मुल्यांकन तथा समिक्षा गरिने ।
- नागरिकबाट प्राप्त सुझावलाई ग्रहण गरिने तथा जिम्मेवार सरकार सञ्चालन गरिने ।

## ३. सार्वजनिक सुनुवाइ कार्यक्रमको तयारी

क) सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन, सहजीकरण र व्यवस्थापनको लागि सहमत मिडिया प्रालिलाई जिम्मेवारी दिइयो ।

ख) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई ब्यबस्थित रुपमा सम्पन्न गर्न पालिकाका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतसँग समन्वय गरी आवश्यक तयारी थालियो ।

को लागि शहिद लखन गाउँपालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर सहित कार्यक्रम समूहको बैठक बस्यो र आवश्यक तयारी थाल्यो ।

ग) सार्वजनिक सुनुवाइ कार्यक्रममा आम नागरिकहरुलाई पनि प्रत्यक्ष संलग्न गराउने उद्देश्यका साथ पालिकाका विभिन्न ठाउँ र भेगमा रहेका नागरिक र उपभोक्ता तथा सरोकारवालाहरुलाई पत्राचार गरियो । साथै वडा र पालिकाको सुचना पाटीमा पनि टाँसिएको थियो । रेडियो मार्फत पनि सूचना प्रवाह गरिएको थियो । (*प्रवाह भएको सूचना अनुसूची १ मा रहेको छ ।*)

घ) सार्वजनिक सुनुवाइ कार्यक्रमलाई व्यवस्थित र सभ्य ढंगबाट सम्पन्न गर्नको लागि आचार संहिताको निर्माण गरियो । यो आचार संहितालाई सार्वजनिक सुनुवाई कार्यक्रमका सहभागीलाई सुनाएर उनीहरुबाट अनुमोदन गराई कार्यक्रम अवधिभरका लागि लागू गरिएको थियो । (*आचार संहिता अनुसूची २ मा रहेको छ ।*)

## ४. सार्वजनिक सुनुवाइ कार्यक्रम

पूर्व निर्धारित तालिका अनुसार २०८१ असार २७ गते विहान ११ बजे कार्यक्रम हुने भनिएपनि सहभागीहरु समयमा उपस्थित नभएका कारण मध्यान्न सवा १२ बजेदेखि कार्यक्रम सुरु गरियो । कार्यक्रम करिव ३ घण्टा सञ्चालन भएको थियो । कार्यक्रमलाई औपचारिक रुपमा नै सुरु गरिएको थियो । सहमत मिडिया प्रालिका प्रकाश ढकालले कार्यक्रममा सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो । गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर ज्यूको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष इन्दिरा तिवारीले स्वागत गर्नुभएको थियो भने कार्यालयको सेवा प्रवाहका बारेमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर ज्युले जानकारी गराउनुभएको थियो । *(तेस्रो चौमासिक एवं वार्षिक प्रतिवेदन अनुसूची ५ मा रहेको छ)* कार्यक्रमका सहभागीहरुलाई आसन ग्रहण गराईसकेपछि सहजकर्ता प्रकाश ढकालले कार्यक्रममा थप सहजीकरण गर्नुभयो ।

त्यसपछि सार्वजनिक सुनुवाइ आचारसंहिता सहभागीहरुबाट अनुमोदन गराइयो । कार्यक्रममा पालिकाका विभिन्न वडामा पुगेर भरिएको नागरिक प्रतिवेदन र कार्यालयबाट सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीसँग भरिएको बहिर्गमन अभिमतको प्रतिवेदन सहमत मिडियाका लोकेन्द्र मानन्धरले सार्वजनिक गर्नुभयो । *(बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन अनुसूची ३ मा रहेको छ । )* त्यसपछि गाउँपालिका र वडाका सेवा प्रवाह तथा विकास निर्माणका विषयमा सहभागीबाट लिखित र मौखिक प्रश्नहरुको संकलनको लागि खुला छलफल सुरु भएको थियो । *(कार्यक्रम तालिका अनुसूची ४ मा रहेको छ । )*

## ५. सार्वजनिक सुनुवाइका सहभागीहरु

सार्वजनिक सुनुवाई कार्यक्रममा शहिद लखन गाउँपालिकाका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी, प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरसँगै, वडाध्यक्ष र अन्य जनप्रतिनिधिहरु, विभिन्न शाखाका प्रमुखहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरिक समाज, उपभोक्ता समितिका अध्यक्ष एवं पदाधिकारीहरु, टोल विकास संस्था, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्रधानध्यापक र शिक्षकहरु, विभिन्न समूह वा सन्जाल, क्लव, महिला समूहका प्रमुख एवं प्रतिनिधिहरु, सर्वसाधारण नागरिकहरु, प्रहरी लगायतको उपस्थिति थियो। *(सहभागीहरुको उपस्थिति अनुसूची ९ र तस्विर अनुसूची ६ मा रहेको छ।)*

## ६. सहभागीहरुको लिखित तथा मौखिक प्रश्नको जवाफ

कार्यक्रमको खुला छलफलमा सहभागीहरुले उठाएका प्रश्नको पालिका अध्यक्ष रमेश बाबु थापा मगर, उपाध्यक्ष इन्दिरा तिवारी र प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगर, वडाध्यक्ष र शाखा प्रमुखहरुले जवाफ दिनुभयो । *(खुला छलफलमा सहभागीले उठाएका प्रश्न, गुनासो एवं सुझाव तथा गुनासो उपर दिईएको जवाफ र प्रतिवद्धता अनुसूची ७ मा रहेको छ।)*

## ७. निश्कर्ष :

स्थानीय सरकारलाई उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहसँग जोड्न र सरकारप्रति नागरिकको चासो बढाउन सार्वजनिक सुनुवाइ प्रभावकारी माध्यम हो । कार्यक्रममा सहभागीहरुबाट गाउँपालिकाका आगामी दिनमा हुने भूमिकाका सन्दर्भमा प्रश्न तथा गुनासा र सुझावहरु आएका छन् । कार्यालयको तर्फबाट पनि जिज्ञासा तथा गुनासोको सुनुवाइ गरिएको छ। आगामी दिनमा सुझाव र प्रश्नहरुलाई मनन गरी सुधार गर्ने अपेक्षा गरेका छौं। अर्को कार्यक्रम सन्चालन हुँदासम्म अहिले प्रतिबद्धता जनाईएका विषयहरु सम्बोधन हुने हाम्रो विश्वास छ।

जनसेवा पहिलेभन्दा प्रभावकारी भएको छ। जिल्ला सदरमुकाम पुगेर लिँदै आएका काम अहिले पालिका र वडा तहबाटै सम्पादन भैरहेका छन् । जसका कारण संघीयताप्रति नागरिकको विश्वास बढ्दै गएको अनुभुति भएको छ। यसमा पनि थप सुधारहरु आवश्यक छन् । पालिका तुलनात्मक रुपमा सुगम भएपनि वडाबाट नियमित सवारी साधनको व्यवस्था नहुँदा कार्यालयमा पुगेर सेवा लिन असुविधा भएको छ। विकास निर्माणका कामहरुमा अनुगमन कम भएको तथा मर्मत सम्भारमा खासै चासो नदिइएका प्रश्न नागरिकले गरेका छन् ।

नागरिकका प्रश्नमा गरिएका प्रतिबद्धता कार्यान्वयन हुने र प्रश्नहरु आगामी दिनमा नदोहोरिने आशा गरेका छौं। समग्रमा कार्यक्रम निकै फलदायी रुपमा सम्पन्न भएको छ। पालिकाको विकास खर्च अझै सतप्रतिशत हुन सकेको छैन। त्यसका आफ्नै बाध्यताहरु छन् । आगामी दिनमा आर्थिक वर्ष सुरु हुने वित्तिकै तालिका बनाएर काम गर्नुपर्ने आवश्यक्ता छ। तवमात्रै नागरिकहरुले संघीयताको महशुस गर्न पाउने छन् । ताक्लुङमा उपस्थिति राम्रो भएपनि धैरैले प्रश्न गर्नुभएन। यद्यपी गाउँपालिका र वडाको तर्फबाट सहजकर्तालाई आवश्यक जानकारीहरु समयमा नै उपलब्ध गराईएको कारण कार्यक्रम जानकारी मुलक र प्रभावकारी किसिमबाट सञ्चालन गर्न सम्भव भयो। *(सार्वजनिक सुनुवाइ कार्यक्रमबारे प्रकाशित समाचार अनुसूची ८ मा रहेको छ।)*

# ८. अनुसूचीहरु

## अनुसूची १

**सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**

यस शहिद लखन गाउँपालिकाको आयोजनामा चालू आव २०८०।०८१ को तेस्रो चौमासिक सम्म पालिकाले सम्पादन गरेका कार्यहरुको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपशीलको मिति, समय र स्थानमा हुने भएकोले यस गाउँपालिका भित्रका जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल, पत्रकार, नागरिक समाज, शिक्षक, संघ संस्थाहरु, कर्मचारीहरु, विभिन्न समिति, उपसमिति तथा उपभोक्ता समिति लगायतका सरोकारवालाहरु सबैमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील

मितिः २०८१ असार २७ गते विहिबार

समयः विहान ११ बजे

स्थानः श्री सिञ्जाली मावि, श.ल.गा.पा ४, ताक्लुङ

## अनुसूची २

**सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता**

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।

२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।

३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।

४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।

५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।

६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।

७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।

८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।

९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।

१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

## अनुसूची ३

**बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन**

बहिर्गमन अभिमत (Exit Poll)

शहिद लखन गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या ५४ जना।

१. **कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | २६ प्रतिशत |
| योजना माग गर्न | १२ प्रतिशत |
| भुक्तानी लिन | ४० प्रतिशत |
| तालिमको लागि | ९ प्रतिशत |
| कार्यालयले बोलाएर आएको | ६ प्रतिशत |
| अन्य कुनै भए | १० प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| ५९ प्रतिशत | ३८ प्रतिशत | ३ प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझ्े जस्तो लाग्यो ?**

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| ३६ प्रतिशत | ६१ प्रतिशत | ३ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ८९ प्रतिशत | ११ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| ४४ प्रतिशत | ५२ प्रतिशत | ४ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| ३४ प्रतिशत | ६६ प्रतिशत | ० प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| २६ प्रतिशत | ६७ प्रतिशत | ७ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. कार्यालयको वातावरण सफा र बस्नका लागि वेन्च राखिएको छ।
२. कुनै तालिम र कार्यक्रम भए फोनबाटै भएपनि खवर आउँछ। कार्यक्रममा बोलाउनुहुन्छ।
३. सबै विद्यालयलाई बजेट विनियोजन गरिएको राम्रो छ। शिक्षालाई प्राथमिकता दिइएको छ।
४. सामाजिक सुरक्षा भत्ता गाउँमै वितरण हुन्छ। ज्येष्ठ नागरिकलाई औषधी लिएर कर्मचारी र जनप्रतिनिधि आउँछन्।
५. काम लिएर आएपछि त्यसै फर्किनुपरेको छैन।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. पालिकाको शिक्षा साह्रै नाजुक भयो। अहिलेको एसईई रिजल्टले पालिकाकै बद्नाम भैरहेको छ। गुणस्तर किन यति धेरै खस्कियो ?
२. पालिकामा बृद्धबृद्धाको अहिले विजोग अवस्था छ। कम्तिमा एउटा बृद्धाश्रमको व्यवस्था गर्नुपर्‍यो। घरमा बस्न नसकेका बृद्धबृद्धालाई राख्ने गरी कार्यक्रम बनाइयोस्।
३. पालिका कार्यालय जानका लागि सवारी साधनको समस्या छ। सानो कामको लागि पनि दिन पूरै छुट्याएर जानुपरेको छ। यसको कुनै उपयुक्त व्यवस्था गर्न सकिँदैन ? धेरै पटक भनिसक्यौं, सुनुवाई भएन।
४. गाउँगाउँमा बाँदर आतंक छ। खेती गर्ने तर थन्क्याउन नपाउने अवस्था भयो।
५. दिन अँध्यारो हुने वित्तिकै विजुली जान्छ। यसको समाधानको उपाय केही छैन ? कतिपय ठाउँमा काठेपोलका कारण जोखिम बढेको छ। फलामे पोल राख्ने कार्यक्रम छैन ?
६. विजुली र इन्टरनेट नहुँदा कार्यालयको काम ठप्प हुन्छ। बैकल्पिक व्यवस्था गरेरै भएपनि कार्यालय समयमा काम हुने वातावरण बनाइयोस्। जनताले दुख पाए।

७. पालिकामा चाहिने कागजपत्र वडाबाटै स्पष्ट भए दुख पाउनुपर्दैनथ्यो । पालिका पुगेर फर्किनुपरेको छ
८. दोभानदेखि आरुबोट हुँदै मनकामना पुग्ने बाटो निर्माणको लागि पालिकाले किन ध्यान नदिएको हो ?
९. किसानलाई समयमै मलको व्यवस्था गरियोस् । यसपालि मल कसरी वितरण हुन्छ ?
१०. पालिकाबाट स्विकृत भएका योजना बेलैमा उपभोक्तालाई जानकारी गराउने र उपभोक्ता समितिबाटै काम गर्ने वातावरण हुनुपर्‍यो । सानो कामका लागि पनि ठेकेदार आइपुग्छन्, हामी बेरोजगार भयौं ।
११. सेवा प्रवाह प्रविधिमैत्री बनाइयोस् । सानो सिफारिसका लागि पनि कार्यालय नै पुग्नुपर्ने बाध्यताको अन्त्य होस् ।
१२. २०८० सालको बर्खामा पहिरो गएर पुरिएको नाला अहिलेसम्म खोतलिएको छैन । पानी रोडबाटै बगेर भत्किएको छ । सानातिना काममा पनि पालिकाको नजर पुगोस् ।
१३. ठूला योजनाले साना सडकहरु विग्रिएको छ । कामका बेला विग्रिएका संरचना मर्मत र निर्माणमा पनि चासो पुगोस्
१४. संघ र प्रदेशका योजनामा ठूलो रकम आएको सुनिन्छ । तर फिल्डमा काम निकै कम मात्रै हुन्छ । पालिकाले अलि बढी अनुगमन गर्नुपर्‍यो ।
१५. प्रदेशका योजनाहरुमा प्राविधिकले सीधै पैसा माग्छन् । पालिकाले सम्बन्धित निकायमा सचेत गराइदिनुपर्‍यो । (कृषि र सडक)

## नागरिक प्रतिवेदन (Citizen Report Card)

**गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन–सहभागि नागरिक ५४ जना ।**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| १६ प्रतिशत | ८४ प्रतिशत | ० प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
|---|---|---|
| ३४ प्रतिशत | ६६ प्रतिशत | ० प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
|---|---|---|
| ७८ प्रतिशत | ० प्रतिशत | २२ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
|---|---|---|
| १६ प्रतिशत | ८४ प्रतिशत | ० प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| छ | छैन | अलिअलि थाहा छ । |
|---|---|---|
| २८ प्रतिशत | २८ प्रतिशत | ४४ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| २० प्रतिशत | ८० प्रतिशत | ० प्रतिशत |

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| १ पटक | २ पटक | सो भन्दा बढी |
|---|---|---|
| ६४ प्रतिशत | १४ प्रतिशत | २२ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| १६ प्रतिशत | ८४ प्रतिशत | ० प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| २४ प्रतिशत | ४० प्रतिशत | ४६ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| ३२ प्रतिशत | ६४ प्रतिशत | ४ प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को–कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | धेरै वक्यौता छ |
| ९० प्रतिशत | ४ प्रतिशत | ६ प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराब |
| ५४ प्रतिशत | ४६ प्रतिशत | ० प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| | | |
|---|---|---|
| राम्रो | ठीकै | खराव |
| २४ प्रतिशत | ७२ प्रतिशत | ४ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
| १४ प्रतिशत | ७० प्रतिशत | १६ प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| | | |
|---|---|---|
| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
| ७८ प्रतिशत | ६ प्रतिशत | १६ प्रतिशत |

***पालिकाले मागेको छैन । प्रदेशका काम गर्दा तिर्नुपर्छ ।***

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईलाई बोलाउने गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
| ४ प्रतिशत | ७६ प्रतिशत | २० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| | | |
|---|---|---|
| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| ९२ प्रतिशत | ८ प्रतिशत | ० प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| | | |
|---|---|---|
| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
| ६८ प्रतिशत | १६ प्रतिशत | १६ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| १२ प्रतिशत | ३६ प्रतिशत | ५२ प्रतिशत |

# अनुसूची ४

## शहिद लखन गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८१

**कार्यक्रम तालिका**

| | | | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण | रमेशबाबु थापा-अध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>इन्दिरा तिवारी-उपाध्यक्ष<br>बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरु:**<br>यमबहादुर थापा-अध्यक्ष, वडा नम्बर ४<br>यमबहादुर राना मगर-अध्यक्ष, वडा नम्बर ५<br>दिलिपनारायण थापा-अध्यक्ष, वडा नम्बर ६<br>**जवाफदेही**<br>सन्तोष लामिछाने-प्रमुख, लेखा शाखा<br>राजन रानाभाट-प्रमुख, पूर्वाधार शाखा<br>राजेन्द्र खनाल-प्रमुख, शिक्षा शाखा<br>नविन अधिकारी-प्रमुख, कृषि विकास शाखा<br>मुक्तिराम पौडेल-प्रमुख, पशु विकास शाखा<br>वीरेन्द्र श्रेष्ठ-प्रमुख, स्वास्थ्य शाखा<br>पूर्णबहादुर गहतराज-प्रमुख, प्रशासन शाखा<br>सानुकाजी बस्नेत-प्रमुख, योजना, अनुगमन, तथ्यांक<br>**सहजकर्ता** : प्रकाश ढकाल<br>कार्यपालिका सदस्य तथा अन्य जनप्रतिनिधिहरु<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | इन्दिरा तिवारी-उपाध्यक्ष |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवा प्रवाह र विकास निर्माणका बारेमा जानकारी | | बाबुराम मगर-प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | रमेशबाबु थापा, अध्यक्ष<br>इन्दिरा तिवारी, उपाध्यक्ष<br>बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>वडाध्यक्षहरु, शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत<br>रमेशबाबु थापा, अध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |

## अनुसूची ५

### पालिकाको सेवा प्रवाह र विकास निर्माण

### आब २०८०।०८१ को बजेट खर्च

| शीर्षक | बजेट अनुमान | खर्च रकम | प्रतिशत |
|---|---|---|---|
| चालू खर्च | | ३७ क.८ लाख | ८६.३६ |
| पूँजीगत खर्च | | १५ क.५७ लाख | ७२.२ |
| जम्मा | ६४ क. ५३ लाख | ५३ क.३७ लाख | ८१.६ |

### घटना दर्ता र सामाजिक सुरक्षा भत्ताको अवस्था

| क्र.सं. | विवरण | संख्या | सामाजिक सुरक्षा | संख्या |
|---|---|---|---|---|
| १. | जन्मदर्ता | ६१८ | ज्येष्ठ नागरिक | ३१०३ |
| २. | मृत्युदर्ता | ३०५ | ज्येष्ठ ना. (दलित) | २३२ |
| ३. | सम्बन्ध विच्छेद | ४९ | ज्येष्ठ एकल महिला | ३०४ |
| ४. | विवाह दर्ता | ३६८ | विधवा | ४६८ |
| ५. | बसाईंसराई (आउने) | १६ | पूर्ण अपांग, अशक्त | ३२७ |
| ६. | बसाईंसराईं (जाने) | ७३ | दलित बालबालिका | ३५३ |
| **जम्मा** | | १४२९ | | ४७८७ |

### न्याय सम्पादन

| क्र.सं. | विवरण | उजुरी | फस्यौंट अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | आर्थिक लेनदेन | ४ | २ | १२ मुद्दामध्ये ९ वटा मिलापत्र गरिएको र ३ वटा आवश्यक निर्णयका लागि सम्बन्धित निकायमा पठाइएको। |
| २. | पारिवारिक झगडा | ३ | ३ | |
| ३. | पालन पोषण | १ | १ | |
| ४. | खानेपानी मुहान दर्ता | १ | १ | |
| ५. | जग्गा किचलो | १ | १ | |
| ६. | योजना कार्यान्वयन | १ | १ | |
| ७. | बालीनाली क्षति | १ | १ | |
| **जम्मा** | | १२ | १० | |

### योजना कार्यान्वयन

| क्र.सं. | विवरण | संख्या | सम्पन्न | कार्यान्वयन चरण |
|---|---|---|---|---|
| १. | ठेक्काका योजना | ८ | ७ | १ |
| २. | क्रमागत ठेक्का | ८ | ५ | ३ |
| **पूर्वाधारमा वडाका १८० योजनामध्ये सबै सम्पन्न भैसकेको अवस्था छ।** | | | | |

### केही महत्वपूर्ण कामहरु

१. जग्गा वर्गीकरणको काम पूरा भएको।
२. किसान सूचीकरण अन्तर्गत ४७२२ घरधुरीलाई सूचीकृत गरिएको र कृषि एपको निर्माण भएको।
३. नमुना युवा संसद कार्यक्रम अन्तर्गत युवा प्रतिनिधि प्रशिक्षण तथा नमुना गाउँसभा सञ्चालन गरिएको।
४. उच्च शिक्षा अध्ययनतर १० विद्यार्थीलाई २० हजारका दरले छात्रबृत्ति वितरण गरिएको।
५. प्रशासकीय भवनको ९५ प्रतिशत निर्माण सम्पन्न भएको।
६. पालिका स्तरीय १५ शैय्याको अस्पताल निर्माण २५ प्रतिशत पूरा भएको।
७. लखन थापा लोकमार्ग अन्तर्गत नामजुङदेखि घैरुङ सडकको ३.५ किलोमिटर कालोपत्रे भएको।
८. वडा नम्बर ८ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण सम्पन्न भएको।

# अनुसूची ६

## सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु























## अनुसूची ७

### कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा तथा जवाफ

| | नामथर | प्रश्न वा जिज्ञासा | जवाफ तथा स्पष्टता |
|---|---|---|---|
| १. | विकास कुवँर | ➢ तोरेनमा सडक निर्माणका क्रममा मान्छेका घर भत्किएको छ। ग्राभेल पनि आधा मात्रै गरिएको छ। काममा धेरै लापरबाही छ, पालिकाले वास्ता गरेन। | ➢ के भएको हो बुझौंला। काम भैरहेकोले अहिले नै केही भन्न मिल्दैन। केही भैरहेको छ, अझै राम्रो गर्ने प्रयास गर्छौं। कसैको घर भत्केको छ भने हेरौंला। |
| २. | कमला विक | ➢ पालिकामा बृद्धाश्रम निर्माणको कुरा पहिलो पटक सुन्दैछु। कसले यस्तो माग राख्यो ? छोराछोरीले बाबुआमा पाल्न नसकेर बृद्धाश्रममा लैजाने सुन्दा मन अमिलो भयो | ➢ यो विषय पालिकाले उठाएको होइन। तर बृद्धाश्रम नै नभनेपनि हाम्रा बृद्धबृद्धा आमाबाबुलाई दिनभरी खुसीसाथ रमाइलो गर्ने दिवा हेरचाह केन्द्र चाहिँ बनाउनुपर्छ। |

### बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनमा उठाइएका प्रश्न र जवाफ

**शिक्षा नाजुक भयो**

कुरा सही पनि हो। यो प्रश्नले हामीलाई ज्यादै झकझक्याएको छ। हामीले सुधार गर्नुपर्ने र सच्याउनुपर्ने कुरा यहाँनिर छ। हामीले लगानी पनि गरेका छौं। शिक्षा ऐन बनाएको छ। विद्यार्थी अनुपात अनुसार दरबन्दी मिलाएका छौं। ३५ जना स्वयंसेवक शिक्षक राखेका छौं। रुम टू रिडसँग मिलेर साक्षरता सुधार कार्यक्रम गरेका छौं। ४८ वटा बाल शिक्षा केन्द्र सञ्चालन गरिएको छ। प्रत्येक १० जना विद्यार्थी बराबर १ जना बाल शिक्षक राखेका छौं। नेपाल सरकारले तोकेको भन्दा बढी तलव दिएका छौं। यति गर्दागर्दै पनि शैक्षिक सुधार हुन सकेको छैन। गाउँपालिकाको सबै जिम्मेवारी मैले लिनुपर्छ। तर यसको जिम्मेवारी विद्यालयका प्रअ र शिक्षकहरुले पनि लिनुपर्छ। अभिभावकहरुको पनि हुन्छ। नतिजा नराम्रो आएको विद्यालयको शैक्षिक वातावरण राम्रो छैन भन्ने कुरा सत्य हो। गणित र विज्ञान ट्यूसन पढाउन ५ र ८ का विद्यार्थीलाई थप रकम दिएको छ। लगानी रिजल्टमा देखिनुपर्‍यो नि त। जबसम्म शिक्षकले आफ्ना बच्चा आफ्नो विद्यालयमा पढाउन सक्ने अवस्था नहुँदासम्म शिक्षा सुधारिँदैन। यदी विद्यालयको वातावरण राम्रो बनाउन सकिँदैन भने प्रअहरुले राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ। मेरो आग्रह छ।

**बृद्धाश्रम स्थापना**

अहिले पालिकामा बृद्धबृद्धाको आयु लम्बिरहेको छ। ज्येष्ठ नागरिक भत्ता लिनेहरु ४ हजार ७ सय ८७ पुगे। साढे २ सय जना थपिएका छन्। उहाँहरुलाई बृद्धाश्रम चाहिन्छ पनि। सबै राम्रा छोराछोरी हुँदैनन्। आश्रममा राख्नुअघि समस्या कहाँ छ हेरौंला। तर बृद्धाश्रम भन्दा पनि दिवा आश्रम जरुरी छ। हामी यो बनाउन गैरहेका छौं। पहिले चौतारामा, आँगनमा बसेर गफगाफ गर्ने चलन थियो। अहिले त्यो हराएको छ। अब कतै एक ठाउँमा जम्मा भएर आफ्ना अनुभव सुनाउने ठाउँ बनाउनुपर्छ, बनाउछौं।

**बाँदर आतंक**

यो राष्ट्रिय समस्या हो। हाम्रो देशबाट १४ जना विज्ञहरु बाहिर गएर नियन्त्रणको उपाय खोजी गरेका छन्। हामी सुधार गरौंला तर अहिले नै गर्न गाह्रो छ। कतिपय पालिकाले बाँदर कुर्ने मान्छे नै राखेको छ, तर यो पनि सही उपाय होइन रहेछ। जंगलमै फलफूल लगाउने भनेर सूचना खोल्यौं। २-३ वटा सामुदायिक वनले काम गरे। यसले पनि निर्मुल हुँदैन। निर्मुल बनाउन बन्ध्याकरण र मार्न पाउने वातावरण बनाउनुपर्छ। यो वहस भैरहेको छ।

**विद्युत काटिन्छ**

यो विद्युत प्राधिकरणले हेर्छ, सामान्य सुधार भएको छ। मनकामनाबाट ताक्लुङ जोड्न पोल विस्तार गरिएको छ। शहिद लखनमा २ तिरबाट लाइन आएको छ। एकातिर लाइन जाँदा अर्कोतिर बलिरहन्छ। त्यो नहोस् भनेर मकैसिंबाट बतासे हुँदै तीनमानेसम्म लाइन विस्तार गर्न लागेका छौं। यो खासगरी ढुंगाडेमा रोकिएको छ। भन्ज्याङका नागरिकले पोल नगाड भनेर रोकेका छन्। त्यो निकास निस्किएपछि समस्या समाधान हुन्छ।

**वडामा कागजात नमिल्दा पालिकाबाट फर्किनुपर्‍यो**

जनतालाई यसरी दुख दिन मिल्दैन। नागरिक वडापत्र राख्नुपर्छ। पालिकामा कुन कामको लागि जाने हो, के कागजपत्र चाहिन्छ वडाले सही सूचना दिनुपर्‍यो। हामी अझै स्पष्ट बनाउछौं।

**दोभान आरुबोट सडक बनेन**

हाम्रो ध्यान गएको छ। आगामी दिनमा बजेट व्यवस्था गरौंला।

**मल समयमा व्यवस्था होस्**

यो समस्या हामीले मात्रै समाधान गर्न सक्दैनौं। भारतदेखि मल ल्याउनुपर्छ। पालिकाले तोकेको पाएको छैन, तर आएको कोटा साना किसान सहकारीबाट वितरण गरेका छौं। समानुपातिक ढंगले वितरण गरिएको छ। अब प्रांगारिक मत निर्माण गर्नुपर्छ भनेर लागिरहेका छौं। प्रदेश सरकारबाट ४ नम्बरमा यो काम गर्न १ करोड आएको थियो। रासायनिक मलले बारीको उत्पादकत्व घटाएको छ। अहिले कृषि एप निर्माण गरिएको छ। यसबाट किसानले सुविधा पाउँछन्।

**छनोट भएका योजनाबारे जानकारी**

हामीले उपभोक्ता समिति गठन गरेका छौं। ठेक्का र उपभोक्ताबाट गर्ने काम छुट्याएका छौं। उपभोक्ताले नै काम पाउन पाए हुन्थ्यो भन्ने जुन सुझाव छ, यो राम्रो हो।

**संघ र प्रदेशको बजेट ठूलो, काम कम**

हामी अनुगमन गरौंला । त्यस्तो भएको भए सम्बन्धीत निकायमा खवर गर्छौं । प्रदेश सरकार मार्फत जुम्ली चौतारा राइनास सडकको लागि ५ करोडको योजना बनाएर ठेक्का लगाएको छ। यसपालि ८० लाखको काम भएको छ। काम सकिए पैसा आउँछ नत्र फ्रिज जान्छ। हामीले चाहिँ ५ करोडको बजेटमा काम भएन भन्ने बुझ्छौं । कामका आधारमा भुक्तानी हुने हो, ठेकेदारलाई काम गराउन सहयोग गर्नुपऱ्यो ।

**प्रदेशका योजनामा प्राविधिकले पैसा माग्छन्**

यो हामी छलफल गर्छौं । प्रदेशका कार्यालयमा कुरा राख्छौं । यस्तो भएको जानकारी दिन्छौं । समयमै हामीलाई सचेत गराउनुभएको छ, धन्यवाद छ। हाम्रो ध्यानाकर्षण भयो ।

**विजुली र इन्टरनेट नहुँदा काम ठप्प**

सुझाव राम्रो हो । बैकल्पिक उर्जाको लागि प्रायः सबै कार्यालयमा राखेका छौं । तर त्यसको निरन्तर मर्मत हुन सकेको छैन । यसपालि मर्मतको तालिम प्रदान गरिएको छ। विद्यालयहरुमा पनि सम्भव भएसम्म व्यवस्था गरौंला । सेवा प्रवाहलाई अवरोध नहुने गरी व्यवस्था गर्छौं ।

**डिजिटल विधिबाट सिफारिस**

सबै सिफारिस डिजिटल विधिबाट गर्न सकिँदैन होला । घरबाटै त्यो गर्न गाह्रो हुन्छ। डकुमेण्टेसन लगायत कारणले सामान्य सिफारिस चाहिँ उपलब्ध गराउन सकिन्छ। तर नागरिक डिजिटल रुपमा साक्षर हुनुपर्छ। इमेल, इन्टरनेट सबै कार्यालयमा चल्छ। सम्भव भएकाजति सेवा त्यहाँबाटै प्रदान गरिएको छ। अगाडी पनि क्रमशः विस्तार गर्छौं ।

**वडा कार्यालयबाट पालिकासम्म सवारी समस्या**

यस्तो समस्या छ। ताक्लुङकै एकजनाले पठाओ सञ्चालन गर्नुपऱ्यो भनेर आउनुभएको थियो । त्यो हामीले गर्न नसक्ने रहेछौं । अब १० जना युवालाई लक्षित गरेर म्याजिक गाडी चलाउने तालिम दिन गैरहेका छौं । प्रत्येक वडाबाट निवेदन प्राप्त भएको छ। छिटै तालिम सञ्चालन गर्छौं । गोरखा र दरौंदी यातायात प्रालिमा सिण्डिकेट छ। विहान गोरखाबाट मनकामना जाने गाडी पनि मान्छे नभए जाँदैन । कयौं पटक भन्यौं तर भएन । रामशाहघाटमा सुमो गाडी छ, उनीहरुलाई पनि भन्यौं मानेनन् । बरु म्याजिक खरिद गर्न पनि सस्तो ब्याजदरमा बैंकसँग तालमेल गरौंला । यसबाट आवतजावतमा सहज हुन्छ ।

# अनुसूची ८

## सार्वजनिक सुनुवाइ कार्यक्रमका समाचारहरु

aramex
delivery unlimited
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरियर सेवा
नेपालमा नै पहिलोपटक
- Online Tracking System
- Door to Door Service
- Cash on Delivery Service
न्यूरोड, पोखरा
फोन नं. ०६१-५४१७९१, ९८५६०-२७३३४

समुन्नतिका लागि स्वतन्त्र पत्रकारिता
**आदर्शसमाज**
राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
तथा
पत्रिका नियमित नआएमा
☎ ०६१-५७७८९७
आदर्शसमाज

वर्ष २९ | अंक ९३ | २०८१ असार ३१ गते सोमबार | नेपाल संवत् ११४४ | Adarsha Samaj National Daily | eAdarsha.com | 15 July 2024 | पृष्ठ ४ | मूल्य रू. १०/-

# एसइईको रिजल्ट बिग्रिएपछि पालिकामाथि प्रश्न

■ *आदर्श समाज*

पोखरा, ३० असार


'पालिकाको शिक्षा साह्रै नाजुक भयो । अहिलेको एसइई रिजल्टले पालिकाकै बदनाम भैरहेको छ । गुणस्तर किन यति खस्कियो ?,' शहिद लखन गाउँपालिकालाई नागरिकले प्रश्न गरे । यसपाली शहिद लखन १ बक्राङ स्थित महेन्द्रशक्ति माविमा एकजना पनि विद्यार्थी उत्तिर्ण हुन सकेनन् । पालिकाबाट २ सय ३९ ले परीक्षा दिएकोमा जम्मा ५१ जना उत्तीर्ण भएका थिए । त्यसपछि पालिकाकै शिक्षा प्रणालीप्रति आरोप प्रत्यारोप भैरहेको छ । विहिबार आयोजना गरिएको आर्थिक वर्ष २०८०।०८१ को अन्तिम तथा तेस्रो चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रममा पनि यही प्रश्न दोहोरिएको छ । जवाफमा पालिका अध्यक्ष रमेशबाबु थापा मगरले अहिलेको नतिजाबाट आँफुहरु पनि सन्तुष्ट नरहेको बताए । 'यो प्रश्नले हामीलाई ज्यादै झकझक्याएको छ । हामीले सुधार गर्नुपर्ने र सच्याउनुपर्ने कुरा यहाँनिर छ । हामीले लगानी पनि गरेका छौं । शिक्षा ऐन बनाएको छ । विद्यार्थी अनुपात अनुसार दरबन्दी मिलाएका छौं,' उनले भने, '३५ जना स्वयंसेवक शिक्षक राखेका छौं । रुम टू रिडसँग मिलेर साक्षरता सुधार कार्यक्रम गरेका छौं । यति गर्दागर्दै पनि शैक्षिक सुधार हुन सकेको छैन ।'

उनले नतिजाको सबै जिम्मेवारी आँफुले लिने र सबैलाई जिम्मेवार हुन निर्देशन दिएका छन् । 'गाउँपालिकाको सबै जिम्मेवारी मैले लिनुपर्छ । तर यसको जिम्मेवारी विद्यालयका प्रअ र शिक्षकहरुले पनि लिनुपर्छ । अभिभावकहरुको पनि हुन्छ । नतिजा नराम्रो आएको विद्यालयको शैक्षिक वातावरण राम्रो छैन भन्ने कुरा सत्य हो,' अघि थपे, 'हामीले गरेको लगानी रिजल्टमा देखिनुपर्‍यो नि त । जबसम्म शिक्षकले आफ्ना बच्चा आफ्नो विद्यालयमा पढाउन सक्ने अवस्था नहुँदासम्म शिक्षा सुधारिँदैन । यदी विद्यालयको वातावरण राम्रो बनाउन सकिँदैन भने प्रअहरुले राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्छ, मेरो आग्रह छ ।' पालिकाका नागरिकहरुले बाँदर आतंकका कारण खेती थन्क्याउन नपाएको, विद्युत र इन्टरनेटको समस्याले सेवा प्रवाह राम्रो नभएको, मल समयमा नपाएको, पालिका पुग्न यातायात सुविधा नभएको लगायत गुनासो गरेका थिए । जवाफमा थापाले बाँदर आतंक राष्ट्रिय समस्या भएकोले पालिका एक्लैले नियन्त्रण गर्न नसक्ने बताए । उनले विद्युत काटिने समस्या छिटै हल हुने र मल कोटा अनुसार प्राप्त भएपछि समानुपातिक रुपमा वितरण हुने जानकारी दिए ।

पालिकामा सेवा लिन जाने नागरिकलाई यातायात समस्या सबैजसो वडामा छ । त्यसैले युवा लक्षित गरेर म्याजिक तालिमको आयोजना पालिकाले गर्न लागेको थापाले सुनाए । '१० जना युवालाई लक्षित गरेर म्याजिक गाडी चलाउने तालिम दिन गैरहेका छौं । प्रत्येक वडाबाट निवेदन प्राप्त भएको छ । छिटै तालिम सञ्चालन गर्छौं,' उनले भने, 'त्यसपछि छोटो दुरीमा यातायात सुविधा भएन भन्ने समस्या रोकिन्छ होला । यातायात व्यवसायीहरुले चाहिँ हामीले भनेझैं सेवा दिएनन् ।' कार्यक्रममा उपाध्यक्ष इन्दिरा तिवारीले स्वागत गरेकी थिइन् भने प्रमुख प्रशासकीय अधिकृत बाबुराम मगरले पालिकाले वर्षभरी सम्पादन गरेका कामबारे प्रस्तुत गरेका थिए । यो वर्ष पालिकाले ८१ प्रतिशत भन्दा बढी खर्च गरेको छ । चालू तर्फ ३७ करोड ८ लाख अर्थात ८६ प्रतिशत र पूँजीगत तर्फ १५ करोड ५७ लाख अर्थात् ७२ प्रतिशत बजेट खर्च भएको हो । यो वर्ष गाउँपालिकाले आफ्नै खर्चमा सडक कालोपत्रे गरेको छ । नामजुङदेखि घैरुङसम्म साढे ३ किलोमिटर सडक आफ्नै खर्चमा पीच गरिएको हो । जग्गा वर्गीकरणको काम सकिएको छ भने, प्रशासकीय भवन निर्माण अन्तिम चरणमा पुगेको मगरले जानकारी दिए । उनका अनुसार पालिका स्तरीय १५ शैय्याको अस्पताल निर्माण २५ प्रतिशत पूरा भएको छ ।

# अनुसूची ९

## सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति



आज मिति २०८१ साल असार २७ गते बिहिबारका दिन आर्थिक वर्ष २०८०।८१ को तेस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम शहिद लखन गाउँपालिकाका आदरणीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा वडा नं. ४ स्थित श्री सिंजाली माध्यमिक विद्यालयको प्राङ्गणमा सम्पन्न भयो ।

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रमेश बाबु थापा मगर | गाउँपालिका अध्यक्ष | |
| २ | इन्दिरा तिवारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | प्रेम पुन | वडाध्यक्ष,वडा नं १ | |
| ५ | सकुन थापा | वडाध्यक्ष वडा नं २ | |
| ६ | दिपक पाण्डे | वडाध्यक्ष,वडा नं ३ | |
| ७ | यम बहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| ८ | यम बहादुर राना | वडाध्यक्ष वडा नं ५ | |
| ९ | दिलिप नारायण थापा | वडाध्यक्ष वडा नं ६ | |
| १० | शरण श्रेष्ठ | वडाध्यक्ष वडा नं ७ | |
| ११ | वासुदेव ढकाल | वडाध्यक्ष,वडा नं ८ | |
| १२ | राम कुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं ९ | |
| १३ | गीता परियार | दलित महिला सदस्य,वडा नं ५ | |
| १४ | लिना थापा | महिला सदस्य,वडा नं ६ | |
| १५ | विमला दुश्ना अंगाई | महिला सदस्य,वडा नं ८ | |
| १६ | हस्त कुमारी गुरुङ | महिला सदस्य,वडा नं ७ | |
| १७ | शोभा नेपाली | कार्यपालिका दलित सदस्य | |
| १८ | कृष्ण बहादुर प्रजा | कार्यपालिका अल्पसंख्यक सदस्य | |
| १९ | फत्ता बहादुर थापा | वडा सदस्य वडा नं १ | |
| २० | लाल बहादुर गुरुङ | वडा सदस्य वडा नं १ | |
| २१ | सुनिता थापा(चौधरी) | महिला सदस्य वडा नं १ | |
| २२ | कोपिला वि.क. कोइराला | दलित महिला सदस्य वडा नं १ | |
| २३ | गोपी लाल थापा | वडा सदस्य वडा नं २ | |
| २४ | इकल बहादुर थापा | वडा सदस्य वडा नं २ | |
| २५ | रेकमाना दर्लामी | महिला सदस्य वडा नं २ | |
| २६ | सिर्जना परियार | दलित महिला सदस्य वडा नं २ | |
| २७ | ऋषि राम कँडेल | वडा सदस्य वडा नं ३ | |
| २८ | प्रदीप श्रेष्ठ | वडा सदस्य वडा नं ३ | |
| २९ | रुकमणी गुरुङ | महिला सदस्य,वडा नं ३ | |
| ३० | कमला परियार | दलित महिला सदस्य | |
| ३१ | कर्ण बहादुर दर्रे | वडा सदस्य वडा नं ४ | |
| ३२ | नेत्र बहादुर थापा | वडा सदस्य वडा नं ४ | |
| ३३ | ज्ञानु माया सुनार | महिला वडा सदस्य वडा नं ४ | |
| ३४ | लेख माया शीर्मल | दलित महिला सदस्य वडा नं ४ | |
| ३५ | कृष्ण बहादुर कुँवर | वडा सदस्य,वडा नं ५ | |
| ३६ | नुन बहादुर थापा | वडा सदस्य,वडा नं ५ | |
| ३७ | अशोका थापा | महिला सदस्य,वडा नं ५ | |
| ३८ | दुर्गा प्रसाद पौडेल | वडा सदस्य,वडा नं ६ | |
| ३९ | नर बहादुर पुडासैनी | वडा सदस्य,वडा नं ६ | |
| ४० | विमला वि.क. | दलित महिला सदस्य,वडा नं ६ | |
| ४१ | डिल बहादुर गरञ्जा | वडा सदस्य, वडा नं ७ | |
| ४२ | होम बहादुर थापा | वडा सदस्य, वडा नं ७ | |
| ४३ | टक माया परियार | दलित महिला सदस्य,वडा नं ७ | |
| ४४ | ओम बहादुर खड्का | वडा सदस्य,वडा नं ८ | |
| ४५ | काशि नाथ अंगाई | वडा सदस्य,वडा नं ८ | |
| ४६ | पार्वती सार्की | दलित महिला सदस्य,वडा नं ८ | |
| ४७ | नुर बहादुर भण्डारी | वडा सदस्य,वडा नं ९ | |
| ४८ | मुक्ति प्रसाद लामिछाने | वडा सदस्य,वडा नं ९ | |
| ४९ | सकु माया गुरुङ | महिला सदस्य,वडा नं ९ | |

कर्मचारीहरु

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| ५० | सन्तोष लामिछाने | लेखा अधिकृत | |
| ५१ | राजन रानाभाट | इन्जिनियर | |
| ५२ | राजेन्द्र खनाल | शिक्षा अधिकृत | |
| ५३ | विरेन्द्र श्रेष्ठ | सि.अ.हे.व | |
| ५४ | नविन अधिकारी | कृषि अधिकृत | |
| ५५ | मुक्तिराम पौडेल | पशु विकास अधिकृत | |
| ५६ | पूर्ण बहादुर गहतराज | अधिकृत छैटौं | |
| ५७ | सानुकाजी बस्नेत | अधिकृत छैटौं | |
| ५८ | कृष्ण प्रसाद अर्याल | वडा सचिव(३) | |
| ५९ | रमेश ढकाल | वडा सचिव(५) | |
| ६० | विश्व श्रेष्ठ | जनस्वास्थ्य निरिक्षक | |
| ६१ | सुजन जङ्ग थापा | कृषि स्नातक | |
| ६२ | अबिन थापा | सु.प्र.अ. | |
| ६३ | रामचन्द्र गिरी | कम्प्युटर अपरेटर | |

१०१. प्र.स.नि. अमर बहादुर थनेत प्रहरी चौकी कुनेन्टार राईन्स जोरखा

१०२. प्रकाश ढकाल सहजकर्ता

समाप्त ।